# सहकारी व्यवस्थापकहरूको क्लब
# COOPERATIVE MANAGERS CLUB (CMC, Dolakha)

भीमेश्वर न.पा. ६, चरिकोट, दोलखा

E-mail: cmcdolakha@gmail.com


पत्र संख्या:

चलानी नं:

मिति: २०८२।०९।१९

## प्रेस विज्ञप्ति

सदस्य सेवा कार्यालय, नेफ्स्कुन सुर्खेतमा कार्यरत कर्मचारी मदन कुमार चन्द र पुष्पराज तिमल्सिना माथि मिति २०८२/०९/१८ गते कार्यालय परिसरमा नेफ्स्कुनका सञ्चालक बीर बहादुर रावत भोटेले गरेको सांघातिक आक्रमणको घोर भर्त्सना गर्दछौं ।

नेफ्स्कुनको कर्मचारी नीति तथा कार्यविधि अनुसार तोकिएको जिम्मेवारीमा रही कार्यसम्पादन गरिरहेका कर्मचारीहरू मदन कुमार चन्द र पुष्पराज तिमल्सिनालाई आफूले पाउने विभिन्न भत्ता सुविधा भुक्तानी नदिएको भनी जवरजस्ती भुक्तानीका लागि आग्रह गरेको र सो भुक्तानी नेफ्स्कुनको आन्तरिक विधि विधानसम्मत भए भुक्तानी गर्नेछौं भन्दा भन्दै कार्यकक्षमा प्रवेश गरी एकाएक कुटपिट मात्र नभई सामाजिक  सञ्जालमा सार्वजनिक भिडियो दृश्यले सांघातिक आक्रमण गरेको प्रष्ट हुन्छ । साथै कर्मचारीले हात नहाल्न आग्रह गर्दागर्दै पनि छातीमा समाती आक्रमण गर्नुले मार्ने समेतको हर्कत देखिन्छ । कार्य कक्षमा सेवा दिईरहको कर्मचारी माथिको आक्रमणले सहकारी अभियानमा रहेका सबै कर्मचारीको हक अधिकारमाथि नै आक्रमण भएको आभाष भएको छ ।

यस प्रकारको निन्दनीय र अक्षम्य घटनामा संलग्न नेफ्स्कुन सञ्चालक वीर वहादुर रावत भोटेलाई सञ्चालकवाट निलम्बन गरी हदैसम्मको कानूनी कारवाहीका लागि जोडदार माग गर्दछौं । यदि घटनालाई वग्यांउने र उल्टै कर्मचारीको मनोबल घट्ने कार्य सहित दोषीलाई उन्मुक्ति दिने कार्य गरेमा सहकारीमा कार्यरत सम्पूर्ण कर्मचारी आफ्नो हक अधिकार र न्यायका लागि थप आन्दोलित हुन वाध्य हुनेप्रति समेत सचेत गराउँदै स्थानीय प्रशासन र नेफ्स्कुन सञ्चालक समितिलाई समेत यसै विज्ञप्तिमार्फत ध्यानाकर्षण गराउँदछौं ।

सहकारी व्यवस्थापकहरूको क्लब (CMC) दोलखा

चरिकोट ।

# प्रेस विज्ञप्ती

प्रस्तुत विषयमा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कुन) को सदस्य सेवा कार्यालय सुर्खेतमा कार्यरत कर्मचारीहरुमाथी नेफ्स्कुनका केन्द्रिय संचालक समिति सदस्य वीर बहादुर रावत भोटेले मिति २०८२/०९/१८ गते दिउसो करिब ३:०० बजेको कार्यालय समयमा कर्मचारीहरु मदन कुमार चन्द र पुष्पराज तिमिल्सेना माथि सांघातिक हमला गरि ज्यान मार्ने उद्देश्यले भौतिक आक्रमण गरेको घटनाले कर्णाली प्रदेशभर कार्यरत सहकारी कर्मचारीहरुको गंम्भिर ध्यानाकर्षण भएको छ । उक्त घटनाको घोर भत्सर्ना तथा निन्दा गर्दछौं । यसरी कार्यालयको कामको शिलसिलामा रहेका कर्मचारीहरु माथि सञ्चालक पदमा बहाल रहेका व्यक्तीले दिनदहाडै घर-परिवारका व्यक्ती र टोले गुण्डाहरु समेत ल्याई हमला गरेकोले सहकारीमा कार्यरत कर्मचारीहरुमा त्रास उत्पन्न भएको छ । नेफ्स्कुनमा सञ्चालक समितिको पदमा बहाल भएको पदिय मर्यादा र आफ्नो जिम्मेवारी भन्दा बाहिर गई बाहिरबाट टोले गुण्डाहरु ल्याई कर्मचारीहरुमाथी गरिएको ज्याजती विरुद्ध तत्काल सार्वजनिक रुपमा माफी मागी क्षमा/याचना गर्न सहकारी संघ/संस्थाहरुमा भय रहित वातावरणमा काम गर्ने व्यवस्था गर्न सम्बन्धीत पक्षसँग देहाय बमोजिमको जोडदार माग गर्दछौं ।

तपसिलः-

१ निज नेफ्स्कुन सञ्चालक वीर बहादुर रावत भोटेले कर्णाली प्रदेशको सहकारी अभियानमा विगत देखिनै विभिन्न हत्कण्डाहरु गरी सुर्खेत जिल्ला बचत संघका अध्यक्ष माथी समेत भौतिक हमला गरी चर्चामा आउने गरेका ईतिहासहरु सर्वविदितै छ । हाल पुनः नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.का कर्मचारीहरु माथी हमला गरेकोले नेफ्स्कुनको केन्द्रिय सञ्चालक समिति सदस्य पदबाट तत्काल निलम्बन गरी घटनाको सत्य तथ्य छानविन गर्न जोडदार माग गर्दछौं ।

२ उक्त घटनाको छानविनबाट प्रमाणित भएको खण्डमा पिडित कर्मचारीहरुको संरक्षण,सुरक्षा तथा न्यायपूर्ण क्षतिपुर्ती प्रदान गर्नुपर्ने र दोषिलाई कानून बमोजिमको कार्वाही गर्नुपर्ने ।

३ नेफ्स्कुनका सञ्चालक वीर बहादुर रावत भोटेलाई सहकारी अभियानका सार्वजनिक कार्यक्रमबाट समेत सामुहिक रुपमा बहिस्कार गर्न सम्पूर्ण सहकारीका प्रारम्भिक संस्थाहरु, बिषयगत संघहरु र सहकारी महासंघको समेत गम्भिर ध्यानाकर्षण गराउँदछौं ।

४ सुर्खेत स्थित सहकारी संघ/संस्थाहरुले घटनाको सत्य तथ्य छानविन नभए सम्म नेफ्स्कुनको सदस्य सेवा कार्यालय सुर्खेतमा सम्पूर्ण कारोवार तथा कार्यक्रमहरुको बहिस्कार गर्ने सम्बन्धमा नेफ्स्कुन सञ्चालक समिति गम्भिर ध्यानाकर्षण गराउँदछौं ।

५ यस घटनालाई ढाकछोप गरी सञ्चालक समितिबाट सम्बन्धित पिडित कर्मचारीहरुलाई कुनै खालको दवाव श्रृजना गरेमा सेवा केन्द्रमा समेत तालाबन्दी गर्न सहकारी कर्मचारी क्लव बाध्य हुनेछ ।

सहकारी कर्मचारी क्लव लगायत कर्णाली प्रदेशस्थित सहकारी संस्थामा कार्यरत कर्मचारीहरु

Scanned with CamScanner

# नेफस्कून साकोस म्यानेजर्स क्लब

## विज्ञप्ति

**विषय: सञ्चालक सदस्यबाट कर्मचारीमा भएको भौतिक आक्रमणको घोर भत्सना सम्बन्धमा।**

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून) का सम्पूर्ण सदस्य तथा सरोकारवालाहरुलाई, हालै विभिन्न सामाजिक सञ्जाल र विभिन्न अनलाइन मिडियाहरुमा सार्वजनिक भएको सुर्खेतस्थित सदस्य सेवा कार्यालयमा कार्यरत कर्मचारीहरुमाथि संघका सञ्चालक सदस्य बिरबहादुर रावत भोटेद्वारा गरिएको भौतिक आक्रमण सम्बन्धी घटनाले हामीलाई गम्भीर रूपमा मर्माहत र चिन्तित बनाएको छ।

उक्त व्यवहारले संघको मूल उद्देश्य, कार्यसंस्कृति र मानवीय मूल्यहरुको घोर उल्लंघन मात्र गरेको छैन, सम्बन्धित कर्मचारी तथा समग्र सहकारी अभियानमा कार्यरत कर्मचारीहरुमा भय र असुरक्षाको वातावरण उत्पन्न गरेको छ। संस्थागत आदेश-अनुशासन श्रृङ्खला (Chain of Command) को स्थापित मान्यता बाहिर गई कुनैपनि पद, प्रतिष्ठा वा व्यक्तिगत मताभेदलाई आड बनाएर शारीरिक तवरले कुनै कर्मचारीप्रति आक्रमण गर्नु पूर्णरुपमा अस्वीकार्य र अनुशासनहीन कार्य हो।

संघ एक व्यवसायिक संस्था भएकोले संघको प्रणालीगत समस्या भन्दा निज व्यक्तिको व्यक्तिगत चरित्र र आचरण सम्बन्धि समस्या रहेको बुझाइ सहित व्यक्तिगत चरित्र र आचरणको कारणले संघ र समग्र अभियानलाइ क्षति पुग्नुहुँदैन भन्ने साझा बुझाइसहित हामी तपशिलको कार्य तत्काल अघि बढाउन जोडदार माग गर्दछौं।

**तपशिल:**

१. तत्काल संघको सञ्चालक समिति र व्यवस्थापनको प्रतिनिधि सहितको बैठक बसी निज सञ्चालकलाइ निलम्बन गरि सम्बन्धित घटनाको छिटो भन्दा छिटो तटस्थ र निष्पक्ष छानबिन अघि बढाउन कडा माग गर्दछौं।

२. छानबिनबाट प्रमाणित भएको खण्डमा पीडितलाई संरक्षण, मनोपरामर्श र न्यायसंगत क्षतिपूर्ति प्रदान गरिनुपर्नेमा जोड दिन्छौं।

३. संघ तथा सहकारी अभियानभित्र सबै सञ्चालक तथा कर्मचारीहरुका लागि व्यावसायिक आचारसंहिता उल्लघंन हुँदा शुन्य सहनशिलता कार्यान्वयन गर्नुपर्नेमा जोड दिन्छौं।

४. सबै तहको संघसंस्थामा सञ्चालक समितिको कार्यकारी भूमिका क्रमशः कम गर्दै नितीगत भूमिकामा मात्रै केन्द्रित हुन र कुनै पनि प्रकारको द्धन्द्ध समाधानको स्थापित नीतिगत प्रणालीहरु अनुसरण गर्न अपिल गर्दछौं।

सहकारीका मूल्यमान्यतामा आधारित भरोसा, सम्मान र पारदर्शिताका आदर्शलाई अक्षुण्ण राख्नु सबै सरोकारवालाको साझा जिम्मेवारी हो। न्यूनतम आचारसंहिता पनि पालना नगरी कर्मचारीप्रति गरिने कुनै पनि प्रकारको अभद्र व्यवहार, अवहेलना तथा अमानवीय कार्य नगर्न नगराउन सम्बन्धित सबै पक्षहरुले यो घटनाको भत्सना गर्दै अविलम्ब कार्यवाही अघि सम्बन्धित पक्षहरुमा जोडदार माग गर्दछौं।

देवराज ज्ञवाली

संयोजक, नेफस्कून साकोस म्यानेजर्स क्लव

मिति: २०८२/०९/१९

द. नं : २८७१

पान न : ६११५७९४३५०

# कोअपरेटिभ म्यानेजर्स क्लब ( CMC )

कैलाली

स्थापना : २०७७

प.स :

च.न :

मिती : २०८२/०९/१९

## प्रेस–विज्ञप्ति

सदस्य सेवा कार्यालय, नेफ्स्कून सुर्खेतमा कार्यरत कर्मचारी मदन कुमार चन्द र पुष्पराज तिमल्सिना माथि मिति २०८२/०९/१८ गते कार्यलय भित्रै नेफ्स्कून सञ्चालक वीर बहादुर भोटेले गरेको आक्रमणको घोर भर्त्सना गर्दछौ ।

नेफ्स्कूनको कर्मचारी नीति अनुसार तोकिएको जिम्मेवारीमा रही कार्यसम्पादन गरिरहेका कर्मचारीहरुलाई उल्लेखित भोटेले पाउनुपर्ने विभिन्न भत्ता तथा सुविधा नदिएको भनि जवरजस्ती भूक्तानीका लागि दवाफ सिर्जना गरेको विधी मुताविक भूक्तानी गर्छौ भन्दा पनि कार्यकक्षमा प्रवेश गरि कार्यलयको ढोका बन्दगरी एकाएक कुटपिट गरेको भिडियोले सामाजिक संजाल तताइरहेको छ ।

यस प्रकारको निन्दनीय र अक्षम्य घटनामा संलग्न सञ्चालक वीर बहादुर भोटेलाई तल्काल सञ्चालक पदबाट निलम्वन गरी हदैसम्मको कानुनी कारवाहीका लागि जोडदार माग गर्दछौ । यदि यो घटनालाई वास्ता नगर्ने र उल्टै कर्मचारीहरुलाई मनोवल घट्ने कार्य गरी दोषीलाई उन्मूक्ति दिने कार्य गरेमा सहकारीमा कार्यरत सम्पुर्ण कर्मचारी आफ्नो हक अधिकार र न्यायका लागि जस्तो सुकै मुल्य चुक्ता गर्न बाध्य हुनेप्रति समेत सचेत गराउदै स्थानीय प्रशासन र नेफ्स्कून सञ्चालक समितिलाई समेत यसै विज्ञप्ति मार्फत ध्यानाकर्षण गदाउदछौ ।

लाल बहादुर भण्डारी
अध्यक्ष
कोअपरेटिभ म्यानेजर्स क्लव कैलाली

Email : kailalicmc@gmail.com